# आपतकालीन किट (आपतकालीन सामान राखिएको बाकस)

MCCSA
Multicultural Communities Council of South Australia

**आजै एउटा आपतकालीन किट (आपतकालीन सामान राखिएको बाकस) लिनुहोस्! यसले आकस्मिक अवस्थामा तपाईंको जीवन बचाउन सक्छ।**

आपातकालीन किटले आपतकालीन अवस्थामा बहुमूल्य समय बचत गर्न मद्दत गर्न सक्छ। यसले तपाईंलाई आवश्यक पर्ने वस्तुहरू प्रदान गर्दछ यदि बिजुली कट्यो वा हतारमा आफ्नो घर छोड्नु पर्यो भने।

तपाईंको आपतकालीन किटमा हुनु पर्ने वस्तुहरू:

- अतिरिक्त ब्याट्रीहरु सहितको ब्याट्री-संचालित रेडियो
- फाल्टु ब्याट्रीहरू सहितको टर्च
- प्राथमिक उपचारको सामान
- मैनबत्ती र पानीले नभिज्ने सलाई, आपतकालीन सम्पर्क नम्बरहरू भएको महत्त्वपूर्ण कागजातहरू
- तपाईंको घरको आपतकालीन योजनाको प्रतिलिपि
- बहुमूल्य सामानहरूको लागि पानी नपस्ने झोला

आफ्नो आपतकालीन किटलाई पानी नछिर्ने सामान भण्डारण गर्ने कन्टेनरमा राख्नुहोस्।
तपाईंले छोड्ने निर्णय गर्दा यी वस्तुहरू थप्नुहोस्:

- मोबाइल फोन र चार्जर
- दबाई किन्ने पुर्जि, औषधि, नुवाइ धुवाइका सामग्री
- कपडा र बलियो जुत्ता
- नसढ्ने खाना र पिउने पानी
- परिवारका अन्य सदस्यहरूका लागि आवश्यक पर्ने कुनै पनि विशेष कुरा
  यदि तपाईंका घरपालुवा जनावरहरू छन् भने तीनको डोरी, खाना र कचौराहरू नबिर्सनुहोला

SASES को सुची www.ses.sa.gov.au मा *About us/Resource* अन्तर्गत राखिएको छ
*Country Fire Service (कन्ट्री फायर सर्भिस) को पनि उस्तै उस्तै किट र जानकारी पाना छ। आगलागी हुँदा आवश्यक पर्ने अतिरिक्त वस्तुहरूका लागि उनीहरूको वेबसाइट हेर्नुहोस् -* ***CFS Before the Fire Season Emergency Kit*** *(आगलागी मौसम अघिको लागी इमर्जेन्सी किट) र* ***CFS Fact Sheet Emergency Kits*** *(जानकारी पाना इमर्जेन्सी किटहरु)* https://www.cfs.sa.gov.au मा हेर्नुहोस्

एक पटक लेखी सकेपछि आफ्नो आपत्कालीन किट सुचीलाई फ्रिजमा टाँस्नुहोस् र किट जाँच गर्न/सकिएको सामान भर्न सम्झाउनका लागी यसलाई प्रयोग गर्नुहोस्।

यो सन्देश Multicultural Communities Council of South Australia ले अस्ट्रेलिया र दक्षिण अस्ट्रेलियाली सरकारहरूको आर्थिक सहयोगमा विपद् जोखिम न्यूनीकरण परियोजनाको एक भागको रूपमा ल्याएको हो।